# बझाङ जिल्ला अदालत

(प्रशासन शाखा)
चैनपुर, बझाङ

फो.न. ४२२३९३२
४२५७१७८
Email: info.dcbajhang@supremecourt.gov.np

प.सं.- २०७६/०७७

## सूचना सूचना सूचना

**बिषयः- समाजसेवी र बाल मनोविज्ञ वा बाल बिशेषज्ञको अद्यावधिक सम्वन्धमा।**

उपरोक्त सम्वन्धमा मिति २०७६।०५।०२ को निर्णयानुसार यस अदालतको बाल इजलासमा समाजसेवी र बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रूपमा काम गर्न इच्छुक बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ र १४ अनुसारको देहायको योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ। प्राप्त दरखास्तहरूको आधारमा पाँच पाँच जना व्यक्तिहरूको छुट्टै रोस्टर खडा गरी राखिने छ।

<u>आवस्यक शैक्षिक योग्यताः</u>

१, **समाजसेवीको योग्यताः**-१. (क) मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्वन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको।

ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२. हिमाली जिल्लाको हकमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बालअधिकार वा समाजसेवाका सम्वन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको व्यक्तिले समेत दरखास्त दिन सक्ने।

२, **बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यताः**-१. (क) मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा मनोविज्ञानका सम्वन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको।

ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२. हिमाली जिल्लाको हकमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी बालअधिकार वा मनोविज्ञानका सम्वन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको व्यक्तिले समेत दरखास्त दिन सक्ने।

<u>संलग्न गर्नुपर्ने कागजातः-</u>

- स्नातक तह वा प्रमाणपत्र तह वा सोसरहको उपाधि उत्तीर्ण गरेको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

# बझाङ जिल्ला अदालत

(प्रशासन शाखा)

चैनपुर, बझाङ

फो.न. ४२२३९३२

४२५७१७८

Email: info.dcbajhang@supremecourt.gov.np


प.सं.- २०७५/०७६

- सम्वन्धित विषयमा तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- नागरिकताको प्रमाणित प्रतिलिपि।

सूचना प्रकाशन मितिः २०७६।०५।०२ सोमबार

माधवप्रसाद लोहनी

स्रेस्तेदार

बझाङ जिल्ला अदालत